# ६ सङ्केतिक क्रियाकलाप तथा प्रतिकद्वरा थाहा पाउने सन्देश

*<u>अध्यायका मूल पदहरू:</u>* उत्पत्ति ४:३-७, गन्ती २१:१-९, यशैया २९:१६, रोमी ९:१८-२१, यर्मिया १९, हिब्रू ५:१४, यर्मिया १३:१-११।

*<u>कण्ठ गर्नुपर्ने मूल पद:</u>* **"के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र?" रोमी ९:२१।**

बाइबल विभिन्न प्रतिकहरूले भरिएको धर्मशास्त्र हो भनेर बाइबलको प्रत्येक विद्यार्थीलाई थाहा छ। विभिन्न तर्क, अर्थ र अवधारणाहरूलाई बुझाउन बाइबलले प्रतिक अर्थात् शङ्केतिक तत्वहरू प्रयोग गर्छन् तर ती तत्वहरू आफै पर्याप्त लक्ष्य होइन। पौराणिक इस्राएलमा चलेको पवित्र मन्दिरको सेवाकार्य आफै मुक्ति दिने कार्य नभएर मुक्तिको योजना देखाउने शङ्केतिक भविष्यवाणी थियो।"यहूदि अर्थतन्त्रको गरिमालाई मानिसहरूले पूर्ण रूपमा बुझेका थिएनन्। बृहत र गहिरो सत्यहरूलाई विभिन्न प्रतिक र विधिहरूले ओझेलमा पारेका थिए। त्यस मन्दिरमा हुने सम्पूर्ण क्रियाकलापको रहस्यलाई खोल्ने साँचो सुसमाचार थियो। मुक्तिको योजनाको आत्मज्ञानले सत्यहरू बुझाउने ढोका उगार्दछ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. १३३बाट रूपान्तरित। सांसारिक पवित्र मन्दिरको प्रतिकले र दानिएलको र प्रकाशको भविष्यवाणी पुस्तकहरूमा उल्लेख गरिएका विभिन्न प्रतिक वा शङ्केतहरूले र अरू विभिन्न प्रतिकहरूद्वारा परमेश्वरले मानिसहरूलाई सत्यको सन्देश सुनाउन खोज्नुभएको पाइन्छ। त्यसै वखत येशूले पनि विभिन्न उपमा, प्रतिक, दृष्टान्त तथा मौलिक कथाहरूबाट सत्यका गहिरो भेदहरूको वाख्या गर्नुभएको थियो।

यर्मियाको पुस्तकमा पनि विभिन्न प्रतिक तथा शङ्केत र काल्पनिक चित्रणहरूले भरिएका छन्। यस अध्यायमा हामीहरूले केही त्यस्ता प्रतिकहरूलाई नियाल्नेछौं। तिनीहरू के हुन्, तिनीहरूको अर्थ के हुन र त्यसबाट हामीहरूले के पाठ सिक्न सक्छौं सो हेर्नेछौं।

## १ प्रतिकहरूद्वारा सिकाइएका सत्य

बाइबल अनेकौं प्रतिक, शङ्केतिक, चिन्ह तथा चित्रणहरूले भरिएको खजानाको भण्डार हो। ती सबैले सत्यहरू सिकाउँछन् जुन् प्रतिक, चिन्ह, शङ्केतिक, चित्रभन्दा महान् छन्।

उत्पत्ति ४:२ -७मा दुध प्रकारका बलिहरू उल्लेख गरिएको छ। तिनीहरूले कस्को चित्रण गर्दछ? हेर्नुहोस् **"२ फेरि तिनले कयिनको भाइ हाबिललाई जन्माइन्। हाबिल भेड़ा-गोठाला भए, र कयिनचाहिँ भूमिको खेतीकिसानी गर्ने भए। ३ केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए। ४ तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले जन्मेका पाठाहरूका बोसे भाग ल्याए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो, ५ तर कयिन र तिनको भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै रिसाए, र तिनको मुख अँध्यारो भयो। ६ तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तिमी किन रिसाउँछौ? तिम्रो मुख किन अँध्यारो छ? ७ यदि तिमीले जे ठीक छ त्यो गर्यौं भने तिम्रो भेटी ग्रहणयोग्य हुँदैनन् र? तर यदि तिमीले ठीक काम गरेनौं भनेता पाप तिम्रो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तिमीप्रति हुन्छ, तर तिमीले त्यसलाई अधीनमा राख्नैपर्छ।"**

बाइबलको सुरूदेखि नै धर्मको नाउँमा वा मुक्ति पाउन वा स्वर्ग जान मानिसहरूले गरेका प्रयासहरूमा दुई भिन्ना भिन्नै बाटो अपनाएको पाइन्छ। कैयनले आफ्नो धर्मकर्म वा व्यक्तिगत प्रयासद्वारा उब्जाएको भेटीलाई चढाएर मुक्ति पाउन खोजेको थियो भने मुक्ति भनेको अनुग्रहबाट मात्रै हो त्यो पनि क्रुसमा टाँगिएको

येशूको गुणहरूले मात्र प्राप्त गरिन्छ भनेर हाबेलले पाठोको बलि चढाएर देखाएको थियो। (याद गर्नुहोस्: सही बली भनेको आगोले भष्म गरिने थियो तर बलिको नाउँमा पशुलाई मारेर त्यसलाई खाएर भोजभतेर गर्ने होइन भनेर उत्पत्तिको उक्त विवरणले देखाउँछ-अनुवादकको टिप्पणी)।

गन्ती २१:४-९मा ढलौतको सर्प लठ्ठामाथि झुन्ड्याउन परमेश्वरले मोशालाई अऱ्हाउनुभएको थियो। हेर्नुहोस्: "४ तिनीहरू एदोम देशलाई फेरो मारेर जान भनी होर पर्वतबाट लाल समुद्रको बाटो भएर गए। तर यात्राको कारण मानिसहरू साह्रै अधीर बने। ५ तब तिनीहरूले परमेश्वर र मोशाको विरुद्धमा यसो भन्न लागे, "यस उजाड़-स्थानमा मर्न हामीलाई तपाईंहरूले किन मिश्रदेशबाट ल्याउनुभयो? यहाँ रोटी छैन, यहाँ पानी पनि छैन। यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो।" ६ तब परमप्रभुले ती मानिसहरूका बीचमा विषालु सर्पहरू पठाइदिनुभयो, र सर्पले मानिसहरूलाई डसे, र इस्राएलीहरूका धेरै जना मरे। ७ अनि मोशाकहाँ आएर मानिसहरूले भने, "परमप्रभु र तपाईंको विरुद्धमा बोलेर हामीले पाप गरेका छौं। उहाँले हामीबाट यी सर्पहरू हटाइदिऊन् भनी परमप्रभुलाई प्रार्थना गर्नुहोस्।" तब मोशाले ती मानिसहरूका निम्ति प्रार्थना गरे। ८ परमप्रभुले मोशालाई भन्नुभयो, "तिमीले विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याऊ। सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन्।" ९ तब मोशाले एउटा काँसाको सर्प बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याए। सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे।"

त्यस सर्पको अर्थ के रहेछ भनेर यूहन्ना १२:३२ले कसरी बताउँछ? हेर्नुहोस्: "३२ अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।"

"खम्बामाथि राखिएको सर्पलाई हेरेर सर्पदंशको मारमा परेका इस्राएलीहरूको ज्यान बचेको थियो। त्यो हेर्नुको अर्थ

विश्वास गर्नु हो। परमेश्वरको वचनलाई विश्वास गरेकोले तिनीहरू जिइएका थिए। व्याधीबाट राहत पाउन परमेश्वरले तयार गर्नुभएको प्रावधानमाथि तिनीहरूले भरोसा राखेका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ४३१बाट रूपान्तरित।

पौराणिक इस्राएली धर्म संस्कारमा चलेको पवित्र मन्दिरमा हुने विभिन्न रीतिहरू प्रतिक थिए जसले मुक्तिको योजनालाई विस्तृत रूपमा प्रतिनिधित्व गरेको थियो। जब मन्दिरमा गएर त्यहाँ गरिने सेवाकार्यहरू विधिपूर्वक पूरा गर्छन् तब तिनीहरूको बारेमा इस्राएलीहरूलाई थाहा थियो भन्ने कुरा हजारौं वर्षसम्म तिनीहरूलाई सोधिने प्रश्न हो। तर धेरैले त्यहाँ सिकाइएका महत्त्वपूर्ण सत्यहरूमा एकलाई आत्मसात् गरेका थिएः पापको क्षमाको निम्ति आफ्नो सट्टा अरू मर्नै पर्छ (१ कोरन्थी ५ः७मा यसरी लेखिएको छ "७ नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ।")।

पवित्र मन्दिरमा हुने सेवाकार्यहरूले येशू ख्रीष्टको मृत्युको मात्र सूचक दिंदैन तर स्वर्गमा येशूको मूल पुरोहितको कार्य, उहाँ आउनुभन्दा पहिले हुने न्याय र युगको अन्तमा पापलाई अन्तिमरूपमा कसरी पन्छाउँछन् भनेर सिकाउँदछन्।

**मुक्तिको योजनामा अरू के के प्रतिकहरू तपाईंलाई याद आउँछ? सोच्नुहोस्। तिनीहरूमा कुनचाहींले विशेष गरेर परमेश्वरको मुक्तिदिने अनुग्रह र आशा तपाईंलाई दिलाउँछ?**

## २. कुमालेको माटो

देहायका पदहरूमा के निर्णायक सत्यहरू सिकाइका छन् र त्यसमा भएका प्रतिकहरूले के अर्थ दिंछन्? (कुमालेको माटोको सन्दर्भमा उत्पत्ति २ः७ पढ्नुहोस्ः "७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको

नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।")।

यर्मिया १८:१-१० "१ यर्मियाकहाँ आएको परमप्रभुको वचन यही हो: २ "तल कुमालेको घरमा जाऊ, र त्यहाँ म तिमीलाई मेरो सन्देश दिनेछु।" ३ यसैले म तल कुमालेको घरमा गएँ। त्यहाँ त्यसले आफ्नो चक्कामा केही बनाइरहेको मैले देखें। ४ तर त्यसले बनाइरहेको माटोको भाँड़ो त्यसका हातमा बिग्रियो, यसकारण कुमालेले आफूलाई मन परेअनुसार अर्को भाँड़ो बनायो। ५ तब परमप्रभुको यो वचन मकहाँ आयो: ६ "हे इस्राएलको घराना, यस कुमालेले गरेझैं के म तिमीलाई पनि गर्न सक्दिनँ र?" परमप्रभु भन्नुहुन्छ। "हे इस्राएलको घराना, कुमालेको हातमा माटो भएझैं तिमी पनि मेरो हातमा छौ। ७ यदि कुनै बेला कुनै जाति अथवा कुनै राज्यको विषयमा त्यसलाई उखेलिदिन्छु, तोड़िदिन्छु र सर्वनाश गरिदिन्छु भनी मैले भनेको छु भने, ८ र यदि मैले चेतावनी दिएको जातिले आफ्नो खराबीदेखि पछुतो गऱ्यो भने, मैले सोचेको विपत्ति त्यसमाथि ल्याउनदेखि म मेरो मन बद्लेनेछु। ९ अनि यदि कुनै जाति अथवा कुनै राज्यको विषयमा म त्यसलाई बनाउनेछु र खड़ा गर्नेछु भनी कुनै समयमा मैले घोषणा गरेको छु भने, १० र त्यसले मेरो कुरा नसुनेर मेरो दृष्टिमा खराबी गऱ्यो र मेरो आज्ञापालन गरेन भनेदेखि, त्यसलाई असल गर्ने मेरो विचारमाथि फेरि म विचार गर्नेछु।"

यशैया २९:१६ "कुमाले माटोजस्तै छ भनी सोचेजस्तै तिमीहरू कुरा उल्टापुल्टा पार्छौ! के बनाएको चीजले बनाउनेको विषयमा भन्छ, "त्यसले मलाई बनाएको होइन"? के बनाएको भाँड़ाले कुमालेको विषयमा यसो भन्न सक्छ, "त्यसले केही पनि जान्दैन"?

यशैया ४५:९,१० " "धिक्कार त्यसलाई, जसले आफ्ना सृष्टिकर्तासित झगड़ा गर्छ, त्यसलाई जो जमिनमा भएका खपटाहरूमध्ये एउटा खपटो मात्र हो। के माटोले कुमालेलाई

'तैंले के बनाइरहेछस्?' भनी सोध्छ? के तेरो कामले 'उसको हातै छैन' भनी भन्छ?" १० धिक्कार त्यसलाई, जसले बाबुलाई भन्छ, 'तपाईंले केलाई जन्माउनुभयो? अथवा आमालाई भन्छ, 'तपाईंले के जन्माउनुभयो?"

यशैया ६४:८ "तापनि अब हे परमप्रभु, तपाईं हाम्रा पिता हुनुहुन्छ। हामी माटो हौं, र तपाईंचाहिँ कुमाले हुनुहुन्छ। हामी सबै तपाईंकै हातका कार्यहरू हौं।"

रोमी ९:१८-२१ "यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा गर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ।

१९ तब तिमी मलाई भन्नेछौ, "परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ?" २० तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको?" भन्छ र? २१ के एउटै माटोको ढिक्काबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र?"

निरन्तर सतावट र उनको कुरालाई वास्ता नगर्ने इस्राएलीहरुले गर्दा यर्मिया निरुत्साह हुनु स्वभाविकै हो। "बेकारमा दुःख पाएको, म प्रभुको निम्ति कामै गर्न छोड्छु" भन्ने मनस्थितिमा उनी परेको थियो। के त्यस बिद्रोही देशको निम्ति संघर्ष गर्नु र प्रयास गरिरहनुको केही मतलब छ र? कतिपय समयमा "बेकारको दुःख" भनेर उनलाई पिरोलेको थियो।

जब कुमालेले आफ्नो हातमा लिएको माटोलाई मुछेर भाँडाहरू बनाएको यर्मियाले देखे तब परमेश्वरले पनि माटोरूपी मानिसहरूलाई कसरी ढाल्नुहुन्छ भनेर उनले बुझ्नु परेको थियो। कुमालेको हातमा भएको माटोको ढिक्काको प्रतिकले जे सत्यहरू सिकाएतापनि यसले परमेश्वरको सार्वभौमकसत्ताको बारेमा सिकाउने मूल कुरालाई आत्मसात् गर्नुपर्छ। त्यसको अर्थ,

यर्मियाको दृष्टिकोणमा जुनसुकै नैराश्यमय परिस्थिति होला, उनले बुझ्नुपर्ने यो कुरा थियो कि मानिसहरूले जेसुकै गलत काम गरेतापनि वा गलत काम गर्ने प्रबृत्तिले सताएतापनि आखिरमा संसारको बागडोर वा नियन्त्रण परमेश्वरकै हातमा छ भनेर कुमाले र उसको हातमा भएको माटोको प्रतिकले यो देखाउँछ। प्रभु नै अखण्ड वा सम्पूर्ण शक्ति र अधिकारको स्रोत हुनुहुन्छ। बर्तमान संसारमा दुःष्टको अखडाले जितिरहेको भएतापनि वा जतिसुकै त्यसले ताण्डब नृत्य देखाइरहेतापनि अन्तमा उहाँ बिजयी हुनुहुनेछ।

यर्मियाको अस्तित्वभएको सयौं शताब्दी पछि कुमालेको बारेमा उल्लेख गरिएको पुरानो करारको चित्रणलाई पावलले टिपेर त्यसको अर्थलाई निरन्तरता दिएको पाइन्छ। यर्मियालाई परमेश्वरले जे पाठ सिकाउन खोज्नुभएको थियो त्यही पाठ पावलले पनि हामीलाई सिकाउन खोज्नुभएको पाउँछौं। अझ भन्ने हो भने पावले रोमी ९:२१लाई यर्मिया १८:६लाई सिधै उदृध गरेको हुनसक्छ। यो कुरामा हामी विश्वस्त हुनसक्छौं कि मानिसले जे मनलाग्यो त्यही गर्ने र जे मनलाग्यो त्यही रोज्ने बिवेकले गर्दा त्यो आत्मनिर्णयलाई दुरुपयोग गरि मानवसमाजलाई आततायी बनाएतापनि अन्तमा हामीले प्रेमिलो र स्वार्थत्यागी परमेश्वरको पूर्ण सार्बभौमिकसत्तामाथि आशा राख्न सक्छौं, जसको महान् प्रेम क्रुसमा प्रकट गरिएको थियो। सधैं दुष्ट तथा खराबले जितिरहँदैन, तर परमेश्वर र उहाँको प्रेमले माथ गरिनेछ। येशूप्रति आस्था राख्नेलाई त्यो भन्दा न्यानो आशा अरू के होला?

**बर्तमान जुनसुकै अन्याय, अत्याचार र भ्रष्ट वातावरणमा हामी पौडि खेलिरहेका भएतापनि कुमाले र माटोको प्रतिकबाट तपाईंले के पाठ सिकेर परमेश्वरमाथि भरोसा राख्न सिक्नुहुन्छ? परमेश्वरको अखण्ड शक्तिको यथार्थताको बारेमा बाइबलमा अरू के के पदहरू छन्?**

## ३. राष्ट्रको अधोगती

**"४ किनकि तिनीहरूले मलाई त्यागेका छन् र यो ठाउँ विदेशी देवताहरूको ठाउँ बनाएका छन्। तिनीहरू आफूले, तिनीहरूका पिता-पुर्खाहरूले र यहूदाका राजाहरूले नचिनेका अरू देवताहरूका लागि बलिदानहरू जलाएर तिनीहरूले यस ठाउँलाई निर्दोषहरूको रगतले भरेका छन्।" यर्मिया १९:४।**

यहूदा राष्ट्रमा कस्ता कस्ता कस्ता दुष्ट संस्कारहरूले कब्जा गरेका थिए भनेर केही उदाहरणहरू माथीका पदले देखाउँदछ। तिनीहरूले परमेश्वरलाई त्यागेका थिए, अरू आयातित देवीदेवताहरूलाई धुप बालेर पूजा गर्दथे, अनजान बालकहरूलाई मारेर भोग चढाउँथे र त्यस ठाउँलाई हिब्रू भाषा अनुसार बिठुलो पारेका थिए वा अनौठो वा विदेशी संस्कारले त्यस स्थानको अस्तित्वलाई धरापमा पारेका थिए। हुन त त्यो स्थान मन्दिर आफै हो कि यरुशलेम हो उपरोक्त पदले भनेको छैन। निर्णायक बुँदा त यो थियो कि त्यो देश परमेश्वरको निम्ति पवित्र र छिमेकी देशहरू भन्दा भिन्न र बिशेष हुनुपर्थ्यो (प्रस्थान १९:५,६)। तर परमेश्वरले चाहनुभएको अनुसार त्यो हुन गएन। तिनीहरूको मौलिक चरित्र हराएका थिए। तिनीहरूको भिन्नताले गर्दा सारा संसारमा तिनीहरू परमेश्वरको निम्ति ज्योति वा गवाही हुनुपर्थ्यो। तर अरू देशहरूको देखासिकि गरेर तिनीहरू पनि अरू देशहरू जस्तै भए। **सोच्नुहोस्, त्यसबाट हामीले के पाठहरू सिक्नुपर्छ?**

**"५ तिनीहरूले आफ्ना छोराहरूलाई बाल देवताको लागि आगोमा होमबलि चढ़ाउनलाई बाल देवताका अल्गा-अल्गा ठाउँहरू बनाएका छन्, जुन गर्नलाई मैले न त भनेको थिएँ न सोचेको थिएँ, न मेरो मनमा कहिल्यै यस्तो कुरो पसेको थियो।" यर्मिया १९:५।**

पौराणिक युगमा नरबलि चढाउने रीति प्रचलित भएतापनि परमेश्वरको निम्ति त्यो घृणित थियो र उहाँले इस्राएलीहरूलाई त्यो चलन मान्न मनाही गर्नुभएको थियो (व्यवस्था १८:१०)।

"मैरो दिमागमा कहिल्यै सोचेको थिइनँ" भन्ने वाक्यको अर्थ हिब्रू भाषामा "मेरो मनमा त्यो कुरा उठेकै थिएन" भनेर पढिन्छ। त्यस्तो संस्कार परमेश्वरको निम्ति कस्तो नौलो र उहाँको दिमागभन्दा पनि बाहिरको थियो भनेर त्यस वाक्यले बुझाउन खोज्छ। हामी पापले कठोर भएको मानिसलाई नरबली कस्तो घृणित र अकल्पनिय देखिन्छ भने पवित्र परमेश्वरको अगाडि झन कस्तो होला!

परमेश्वरको आवाजलाई पन्छाउँदै गर्दा उहाँका जनहरू यस्तो भ्रष्ट र संस्कारमा लागे कि तिनीहरू भयाभव रीतिथितिमा खस्किन पुगेका थिए। यदि हामी परमेश्वरसँग सम्वन्ध जोडिराख्यौं र उहाँको वचनसम्मत हिंड्यौं भने त्यस्तो परिस्थितिमा हामी कहिल्यै पनि पर्नेछैनौं बरू वाक्क हुनेथियौं। यदि हामी परमेश्वरको अगुवाईमा हिंडेनौं भने उहाँको सामु अमान्य संस्कार र संस्कृतिसँग सहमतीमात्र होइन त्यसमा भाग लिन पनि हिचकिचाउँदैनौं (हिब्रू ५:१३,१४मा यसरी लेखिएको छ "१३ दूध मात्र खाएर बाँच्ने मानिसचाहिँ धार्मिकताको वचनमा निपूर्ण हुँदैन, किनकि त्यो बालकै हुन्छ। १४ खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ।"

## ४. माटोको घैंटोलाई टुक्रा टुक्रा पार्नु

परम पिता सृष्टिकर्ता एक मात्र परमेश्वरलाई त्यागेर धर्मभ्रष्टमा सारा राष्ट्र फसेको हामीले अघि हेर्‍यौं। यर्मियाले जतिसुकै त्यस धर्मभ्रष्टको खिलाफमा आवाज उठाएतापनि त्यहाँका जनमानसमा परमेश्वरको आवाज घुस्न सकेको थिएन। त्यसपछि परमेश्वरले एक अत्यन्त प्रभावकारी काम शङ्केतको रूपमा गर्न यर्मियालाई अऱ्हाउनुभयो। ती मानिसहरू कस्तो खतरामा पर्न गइरहेको थियो भनेर ब्युँझाउन परमेश्वरले सो कामबाट देखाउन चाहनुभएको थियो।

यर्मियाले के गर्नुपरेको थियो र त्यसको अर्थ के थियो? हेर्नुहोस्: यर्मिया १९:१-१५ " १ परमप्रभु यसो भन्नुहुन्छ, "गएर एउटा कुमालेबाट माटोको भाँड़ो किन्। प्रजाका केही धर्म-गुरुहरू र केही पूजाहारीहरूलाई लिएर २ बेनहिन्नोमको बेंसीमा भएको खपटाका ढोकाको नजिक गएर जुन कुरा म तिमीलाई भन्छु त्यो त्यहाँ सुनाऊ। ३ तिमीले घोषणा गर, 'हे यहूदाका राजाहरू र यरूशलेमका मानिसहरू हो, परमप्रभुको वचन सुन। सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: सुन, म यस ठाउँमा यस्तो सर्वनाश ल्याउनेछु जसले गर्दा त्यसको विषयमा सुन्नेहरू सबैका कान झनझनाउनेछन्। ४ किनकि तिनीहरूले मलाई त्यागेका छन् र यो ठाउँ विदेशी देवताहरूको ठाउँ बनाएका छन्। तिनीहरू आफूले, तिनीहरूका पिता-पुर्खाहरूले र यहूदाका राजाहरूले नचिनेका अरू देवताहरूका लागि बलिदानहरू जलाएर तिनीहरूले यस ठाउँलाई निर्दोषहरूको रगतले भरेका छन्। ५ तिनीहरूले आफ्ना छोराहरूलाई बाल देवताको लागि आगोमा होमबलि चढ़ाउनलाई बाल देवताका अल्गा-अल्गा ठाउँहरू बनाएका छन्, जुन गर्नलाई मैले न त भनेको थिएँ न सोचेको थिएँ, न मेरो मनमा कहिल्यै यस्तो कुरो पसेको थियो। ६ यसैले होशियार रहो, यस्तो दिन आउँदैछ, परमप्रभु भन्नुहुन्छ, जब यो ठाउँ फेरि कहिल्यै मानिसहरूले तोपेत अथवा बेन-हिन्नोमको बेंसी भन्नेछैनन्, तर हत्याको बेंसी भन्नेछन्। ७ " 'यसै ठाउँमा म यहूदा र यरूशलेमका युक्तिहरूलाई निष्फल तुल्याइदिनेछु। तिनीहरूलाई आफ्ना शत्रुहरूका सामुन्ने तरवारले, र तिनीहरूका ज्यान लिन खोज्नेहरूका हातद्वारा मार्न लाउनेछु, र म तिनीहरूका लाशहरूचाहिँ आकाशका पन्क्षीहरू र पृथ्वीका पशुहरूलाई आहाराको निम्ति दिनेछु। ८ म यस सहरलाई भताभुङ्गै गरेर गिल्लाको पात्र तुल्याउनेछु। त्यसका सबै चोटहरू देखेर त्यसको छेउबाट भएर जानेहरू सबै तर्सनेछन् र त्यसलाई गिल्ला गर्नेछन्। ९ तिनीहरूका ज्यान लिन खोज्ने शत्रुहरूले लगाएको

घेराको कष्टमा परेको बेला म तिनीहरूलाई तिनीहरूका आफ्ना छोराछोरीहरूको मासु खान लाउनेछु, र एउटाले अर्काको मासु पनि खानेछ' । १० "तब तिमीसँग जानेहरूले हेरेकै समयमा तिमीले त्यो भाँड़ो फुटाइदिनू, ११ र तैंले तिनीहरूलाई यसो भन्, 'सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः जसरी कुमालेको यो भाँड़ो कहिल्यै नजोड़िने गरी फुटेको छ, त्यसरी नै म यस जाति र यस सहरलाई फुटाएर नाश गर्नेछु। लाश गाड्ने ठाउँ नसकिउञ्जेलसम्म मानिसहरूले तोपेतमा लाश गाड्नेछन्। १२ परमप्रभु भन्नुहुन्छ, म यस ठाउँ र यहाँ बस्नेहरूलाई त्यसै गर्नेछु। यस सहरलाई तोपेतजस्तै म तुल्याइदिनेछु। १३ यरूशलेमका घरहरू र यहूदाका राजाका घरहरू यो ठाउँ तोपेतजस्तै बिटुला पारिनेछन्– ती सबै घरहरू, जसका कौसीहरूमा आकाशका सारा ग्रह-नक्षत्रहरूका निम्ति तिनीहरूले धूप बाले र पराई देवताहरूका निम्ति अर्घ-बलि चढ़ाए' ।" १४ तब यर्मिया तोपेतबाट फर्के, जहाँ तिनलाई परमप्रभुले अगमवाणी कहनलाई पठाउनुभएको थियो, र परमप्रभुका मन्दिरको चोकमा खड़ा भएर सबै मानिसहरूलाई तिनले यसो भने, १५ "सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'ध्यानसित सुन। म यस सहरमा र यसका चारैतिरका गाउँहरूका विरुद्धमा मैले भनेका सबै सर्वनाश ल्याउनेछु, किनभने तिनीहरू ढीट भएर बसे, र मेरा वचन तिनीहरूले ध्यानसित सुनेनन्' ।"

कुमालेको घरमा यर्मिया फेरि जानुपरेको थियो। यस समय उनले साक्षीहरूसमेत ल्याएको परमेश्वरले चाहनुभएको थियो ताकि उहाँले त्यस देशका बासिन्दाहरूलाई के गर्नुहुनेछ सो देखाउनुहुने थियो। ती साक्षीहरू यहूदाका अगुवा तथा एल्डर र पुजारीहरू थिए (यर्मिया १९:१)। अगुवाहरू भएको हैशियतले राष्ट्रमा के भइरहेको थियो त्यसको जिम्मा तिनीहरू थिए। त्यसकारण अत्यन्त प्रभावकारी रूपमा साङ्केतिक तरिकाले यर्मियाबाट तिनीहरूले सन्देश सुन्न लगाइएको थियो। खपटाको

ढोकामा माटोको घैंटोलाई तुक्रातुक्रा गरेर फुटाउन परमेश्वरले यर्मियालाई अऱ्हाउनुभएको थियो। त्यो ढोका नजिकै कुमालेहरू काम गर्थे होलान् र त्यसको बाहिर कुमालेहरूले आफ्ना फुटेका भाँडाहरू फँक्दथे। त्यसले गर्दा अगुवाहरूको अगाडि घैंटो फुटाएर सन्देश दिंदा त्यो सन्देश अत्यन्त प्रभावकारी हुनु स्वभाविकै थियो।

टुक्राटुक्रा भएर फुटेको माटोको भाँडोको के काम? यदि भाँडो अलिकतीमात्र चर्किएको भए त्यसको केही काम हुन्थ्यो होला। जुन् प्रयोजनको निम्ति भाँडो बनाइएको थियो त्यो प्रयोजन नहोला। तर यर्मियाले त्यस भाँडोलाई केवल चर्काउनेमात्र थिएन। तर त्यसलाई टुक्रा टुक्रा पारेर फुटाउनुपरेको थियो जसको अर्थ त्यसलाई केही काम नलाग्ने गरेर बनाइनुपरेको थियो। माटोको भाँडोलाई टुक्रा पारिँदै गर्दा दिएको सन्देशले परमेश्वरको चेतावनी मानिसहरूले बुझ्न सकेको थिएन भनेर कल्पना गर्न सकिँदैन। तर बुझ्नु र बुझेर त्यस अनुसार चल्नु दुई अत्यन्त फरक कुराहरू हुन्।

यर्मियाले नाटकिय रूपमा देखाएको परमेश्वरको सन्देशले तिनीहरूको अन्त्य कसरी हुनेछ भन्ने कुरा त्रासपूर्ण र पचाउन नसकिने थियो। टुक्रा टुक्रा गरिएको भाँडोलाई कसले मर्मत गर्न सक्छ र? भविष्यको निम्ति परमेश्वरले यहूदाका जनहरूलाई केही समय आशा देखाउनुभएतापनि यदि तिनीहरू आफ्ना पापहरूबाट फर्केनन् भने तिनीहरू र तिनीहरूको सन्तानको सत्यानाश हुनेछ भनेर यर्मियामार्फत उहाँले चेतावनी दिनुभएको थियो। तिनीहरू कति भ्रष्टमा डुबेको थियो भनेर बुझ्न तिनीहरूले आफैले निम्त्याएको सजायँले गर्दा तिनीहरूको अधोगतीले देखाइने थियो।

**कुनै कुरा मर्मत नै गर्न नहुने गरि बिग्रेको कुरा सोच्नुहोस्। त्यो केको लागि बनाइएको थियो र अहिले किन बेकारको हुन गयो? यही कुरा हामीमा पनि नहुन कसरी सतर्क हुने?**

## ५. सूतीको पटुका

यर्मिया १३:१-११मा के अर्को सङ्केतात्मक काम गर्न परमेश्वरले यर्मियालाई अऱ्हाउनुभएको थियो र त्यसबाट के महत्त्वपूर्ण पाठ सिकाउन खोजेको थियो? हेर्नुहोस्: " १ परमप्रभुले मलाई यसो भन्नुभयो, "गएर एउटा सूती पटुका किन्, र त्यो तिम्रो कम्मरमा बाँध्, तर त्यसलाई पानीमा भिज्न नदे।" २ यसैले परमप्रभुले आदेश दिनुभएअनुसार मैले एउटा सूती पटुका किनेर आफ्नो कम्मरमा बेह्रें। ३ फेरि दोस्रो पल्ट परमप्रभुको यो वचन मकहाँ आयोः ४ उठ्, तिमीले किनेको तिम्रो कम्मरमा बाँधेको पटुका लिएर अब परातमा जा, र पहरामा भएको धाँदोभित्र त्यो लुकाइराख्।" ५ यसैले परमप्रभुले मलाई भन्नुभएअनुसार गएर परातमा मैले त्यो लुकाइराखें। ६ धेरै दिनपछि परमप्रभुले मलाई भन्नुभयो, "उठ्, परातमा जा, र त्यहाँबाट त्यो पटुका ले, जो मैले तिमीलाई त्यहाँ लुकाइराख्नलाई भनेको थिएँ।" ७ तब म परातमा गएँ, र मैले लुकाएको ठाउँबाट त्यो पटुका खनेर निकालें। तर अब त्यो पटुका त पूरै मकिएछ। त्यो पूर्ण रूपले बेकामको भएछ। ८ तब परमप्रभुको यो वचन मकहाँ आयोः ९ "परमप्रभु यसो भन्नुहुन्छः यसरी नै यहूदाको अहङ्कार र यरूशलेमको ठूलो शेखी म झारिदिनेछु। १० यी दुष्ट मानिसहरू, जसले मेरो वचन सुन्न इन्कार गर्छन्, जसले आफ्नो-आफ्नो हृदयमा अटेरी गरेर अन्य देवताहरूको सेवा र पूजा गर्न जान्छन्, तिनीहरू यही पटुकाजस्तै हुनेछन्, जो पूरै बेकामको भएको छ! ११ किनभने जसरी एउटा पटुका मानिसको कम्मरमा कसिएको हुन्छ, त्यसरी नै मैले इस्राएलका सबै घराना र यहूदाका सबै घरानालाई मेरो ख्याति र प्रशंसा सम्मानको निम्ति मेरा प्रजा होऊन् भनेर मैले बाँधे। तर तिनीहरूले मेरा कुरामा ध्यानै दिएका छैनन्, " परमप्रभु भन्नुहुन्छ।"

यो शङ्केतात्मक कामले बाइबलका धेरै वाख्याकारहरूलाई केही तकलिफहरू दिएका छन् किनभने जुन नदि परात अर्थात्

हिब्रू भाषामा युफ्रतस नदि यरुशलेमबाट सयौं किलोमिटर थियो। त्यहाँ पुग्न अगमबक्ता एज्रालाई चार महिना लागेको थियो (एज्रा ७:९)। सन्देशलाई स्पष्ट पार्न परमेश्वरले यर्मियालाई त्यही काम चार पटक गर्न अऱ्हाउनुभएको थियो। बाइबलका कति विद्वानहरूले त्यो नदी अरू कुनै भौगोलिक स्थानमा थिए भनेर तर्क गरेका थिए। अर्को अर्थमा भन्ने हो भन धेरै टाढा यर्मिया जानुको अर्थ इस्राएलका सन्तान परमेश्वरबाट कति टाढा गए भनेर देखाएको पाइन्छ। त्यस टाढाको यात्रा पछि आफ्नो घरमा फर्कनुको अर्थ इस्राएलीहरू युद्धबन्धी भएर ७० वर्पसम्म पलायन पछि घर फर्किंदा कति रमाइलो मान्ने होला भनेर यर्मियालाई बुझाउन खोजिएको देखिन्छ।

जे भएतापनि पटुकाको अर्थ यरुशलेम मन्दिरको शङ्केत गर्दछ। जब त्यस मन्दिरको निर्माण भयो तब त्यो शुद्ध र कुनै खोट नभएको थियो र पटुका बाँधिने परमेश्वर आफै हुनुहुन्थ्यो। अरू जस्तै त्यसले के देखाउँछ भने परमेश्वर उहाँका जनहरूसँग कतिको घनिष्ट वा बाँधिनुभएको थियो भनेर सङ्केत गर्दछ। बाइबलका कतिपय वाख्याकारहरूले यर्मियालाई लगाऊ भनेको पेटी सूतीको भएको अर्थपूर्ण छ भनेका छन् किनकि पुजारीले लगाउने लुगा पनि सूतीकै थियो (लैव्य १६:४)। साँच्चिकै भनौं भने यहूदा वा इस्राएल राष्ट्र पुजारी राष्ट्र हुन परमेश्वरले अलग्याउनुभएको थियो (प्रस्थान १९:६)।

जसरी सूतीको पटुका बिग्रेको वा कुहिएको थियो त्यसरी नै परमेश्वरलाई वेवास्ता गर्ने राष्ट्रको पनि हुन्छ भनेर उहाँले मानिसहरूलाई सिकाउन चाहनुभएको थियो। जसरी पटुका मानिसको कम्मरमा बाँधिन्छ त्यसरी नै ती मानिसहरू एक फेरा परमेश्वरलाई पकडि रहेका थिए। उहाँ नै तिनीहरूको हर्ष र महिमाको स्रोत थियो। तर बाहिरका देशहरूका धर्म, संस्कारहरूलाई भित्राउँदा र तिनीहरूको देखासिकी गर्दा

तिनीहरूको आत्मिक र नैतिक जीवन पनि बिटुलो र बिग्रन गएका थिए।

**यर्मिया १३:११सँग व्यवस्था ४:५-८ पढ्नुहोस् र ती पदहरूलाई तुलनात्मक रूपमा हेरेर इस्राएल कसरी पतित हुन गए भनेर देखाउँछ। त्यसले हामीहरूलाई पनि के भन्न खोजेको छ? हेर्नुहोसः यर्मिया १३:११ "११ किनभने जसरी एउटा पटुका मानिसको कम्मरमा कसिएको हुन्छ, त्यसरी नै मैले इस्राएलका सबै घराना र यहूदाका सबै घरानालाई मेरो ख्याति र प्रशंसा सम्मानको निम्ति मेरा प्रजा होऊन् भनेर मैले बाँधे। तर तिनीहरूले मेरा कुरामा ध्यानै दिएका छैनन्," परमप्रभु भन्नुहुन्छ।" र व्यवस्था ४:५-८ " ५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?**

## उपसंहारः

**थप जानकारीः** रोमीको पुस्तकको अध्याय ९मा उल्लेखित कुमाले र माटोको चित्रणले परमेश्वरको कामहरूलाई हामीले बुझ्नु खोज्न कतिको महत्त्वपूर्ण रहेछ भनेर देखाउँछ। तितो सत्य त यो हो, प्रायजसो हामीले त्यसलाई बुझ्न चाहदैनौं। त्यस मामिलामा हामी छक्क पर्नुपर्दैन, पर्छ र? यशैया ५५:८,९मा यसरी लेखिएको छः "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र

तिमीहरूका चाल मेरा चाल होइनन्, "परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।" हामी मानिस भएको हैशियतले धेरै कुराहरूलाई जान्दैनौं भने परमेश्वरको मार्गको बारेमा जान्न हामी कति सिमित छौं होला?

मानिसको सिमित ज्ञानलाई यसरी परिभाषा गरिएको छ, त्यो हो "आफूले आफूलाई ने श्यावासी दिने" समस्या अर्थात् आफू नै आत्मज्ञान प्राप्त गरेको महान् व्यक्तित्व वा गुरू भनेर अरूको सामु चिनाउन खोज्ने। एउटा कहावत छ "सेभिल शहरको हजामले सबैको दार्‍ही काट्छ तर आफ्नो दार्‍ही भने काट्न सक्दैन।" के सेभिल शहरको हजामले आफ्नो दार्‍ही काट्छ र? यदि आफ्नो दार्‍ही आफैले खौर्‍यो भने उसले खोरिन सक्दैन किनभने आफ्नो दार्‍हो खौरन नसक्नेको दार्‍ही उसले खौरिन सक्दैन। उसले आफ्नो दार्‍ही खौरेन भने उसले खौरिनै पर्छ किनभने आफ्नो दार्‍ही नकाट्ने सबैको दार्‍ही उसले काट्दछ।" त्यस प्रकारको तर्क कहिलै पनि नसकिने जतिल तर्क हो। जाबो सेभिल शहरको हजामको बारेमा गरिएको तर्कसँग कोही फसिन सक्छ भने परमेश्वरको स्वभाव र संसारसँग उहाँले गर्नुहुने कारोबारको बारेमा बुझ्न झन कतिको जतिल छ होला? तर हामीसँग क्रुस छ जसले परमेश्वरमाथि भरोसा राख्न प्रसस्त कारण हामीहरूले पाउन सक्छौं। यस संसारमा के भइरहेको छ त्यसको अर्थ हाम्रो लागि जतिल वा नबुझ्ने भएतापिन क्रुसमा देखाएको परमेश्वरको प्रेमले हामीलाई हाम्रो भविष्यको बारेमा ढुक्क हुनसक्छौं।

"कतिपय मानिसहरूको निम्ति पापको सुरू र त्यसको अस्तित्वको कारण ठूलो अलमलमा पर्ने स्रोत हुनगएको छ। तिनीहरूले दुष्टको फलिफाप भएको देख्छ र त्यसले ल्याउने भयङ्कर दुःख र भद्रगोललाई तिनीहरूले हेरिरहनु परेको हुन्छ।

सर्वज्ञानी, सर्वशक्तिमान र प्रेमिलो परमेश्वरको मातहतमा त्यो सबै कुरा कसरी हुनसक्छ भनेर तिनीहरूले प्रश्न गर्छन्। यो यस्तो रहस्य हो जसमा तिनीहरूले वाख्या गर्न सक्दैन। अनि तिनीहरूले सामना गरेका अनिश्चितता र शङ्काले मुक्तिको निम्ति आवश्यक भएको बाइबलमा उल्लेखित परमेश्वरको स्पष्ट सत्यतालाई बुझ्न अन्धा भएका हुन्छन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४९३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **दुष्ट, पाप र खराबले जितिरहेको यस संसारमा परमेश्वरको सार्बभौमिसत्ताको बारेमा जान्न हामीलाई के चुनौतीहरू आइपर्दछन्? येशू र शैतानको बीचमा भइरहेको मतभेदको महान् अन्तरद्वन्दले केही हदसम्म ती प्रश्नहरूलाई हामीलाई कसरी खोज्दछ?**

आ. **बाइबलमा सत्यहरूलाई बुझाउन अनेकन् प्रतिक, शङ्केतिक वा शव्दचित्रहरू छन्। परमेश्वरले तिनीहरूलाई किन प्रयोग गर्नुभयो होला? ती प्रतिक आदिहरूको फाइदा के छ?**